सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

५ नं. प्रदेश, नेपाल

## फोहोरमैला व्यवस्थापन सम्वन्धी शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको सूचना ।

सूचना नं. ५/०७५-७६

**प्रथम पटक प्रकाशित मिति :- २०७६/०३/१५ गते**

आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाँउपालिकाको बडडाँडा बजार क्षेत्र, दर्भान बजार क्षेत्र र बांगेसाल साना किसान एरिया लगायतका क्षेत्रहरुमा जम्मा गरी राखिएको फोहरलाई तत् तत् क्षेत्रबाट ट्याक्टरमा उठाई यस गाउँपालिकाको वडा नं. २ स्थित डम्पीङ्ग साईडमा ढुवानी तथा व्यवस्थापन गराउनुपर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को (पहिलो संशोधन) दफा ८ को उपदफा १ (क३) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले प्रचलित कानून वमोजिम दर्ता भएका वा इजाजत प्राप्त निर्माण व्यवसायी, सामाजिक संघ संस्था, गैर सरकारी संस्था, युवा क्लव, फर्म, कम्पनि, सप्लायर्स, आपूर्तिकर्ताले आदिले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कम्पनी वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी सहित तपशिलको शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

तपसिल

१. प्रस्तावको ढाँचा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म रु. १,०००।– दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी) तिरी यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ, प्रस्ताव खरिद गर्ने अन्तिम मिति सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाई १५ औं दिन मानिनेछ ।

२. १६ औं दिनको १२.०० वजेसम्म कार्यालयवाट खरिद गरिएको, कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्तावमा आफुले उक्त कार्य कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

३. खरिद गरिएको दरभाउ पत्रको फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १.०० वजे दरभाउ पत्रदाता वा निजले अखितयार गरेको प्रतिनिधिको रोहवरमा (उपस्थित

अमरवहादुर वली

प्रमुख प्रशासकीय अधिकृत

नभए पनि) यस कार्यालयमा खोलिनेछ र सो दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट सोही समयमा खोलिनेछ ।

४. प्रस्तावमा प्रस्ताव गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. प्रस्तावहरु मध्ये सबैभन्दा घटी कवोल गर्ने प्रस्तावदाताको प्रस्तावलाई स्वीकृतिको प्रकृयामा लगिनेछ तर प्रस्तावित रकवाट फोहोरमैला व्यवस्थापन हुने कुरामा गाउँ कार्यपालिका विश्वस्त नभएमा पुनः अर्को सूचना आह्वान गर्न सकिनेछ।

६. प्रस्तावदाताले आफुले कवोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयो प्राईम कमर्शियल बैंक, बडडाँडा स्थित धरौटी खाता नं. ०६८०००१५ CA मा जम्मा गरेको सक्कल भौचर सहित प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्ताव स्विकृत हुने प्रस्तावदाताले सम्झौता गर्न आउँदा थप २.५ प्रतिशत रकम कार्यसम्पादन जमानत वाफत जम्मा गर्नुपर्नेछ।

७. प्रस्तावका साथ फोहोरमैला उठाउने, कुहिने र नकुहिने फोहोर छुट्याउने, कुहिने फोहोर ल्याण्ड फिल्ड साईटमा दवाउने जनशक्ति र ढुवानीका साधन स्वामित्वमा रहको आवश्यक विवरण अनिवार्य पेश गर्नुपर्नेछ ।नकुहिने फोहोर निकासी वापत कुनै रकम प्रास हुने भए कति प्रतिशत रकम गाउँपालिकालाई बुझाउने हो सो समेत उल्लेख गर्नुपर्नेछ।

८. बडडाँडा, दर्भान र साना किसान एरिमा प्रत्येक दुई दिनमा कम्तिमा एक/एक/एक पटक फोहोर उठाउनुपर्नेछ ।तर तोकिएको क्षेत्र भित्रको फोहोर नउठेमा सो भन्दा बढी पटक पनि उठाउनुपर्नेछ ।

९. दरभाउ पत्र सम्वन्धि सम्पूर्ण कामकारवाही सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रीत नपुगेको र म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

१०. दरभाउ पत्र सम्वन्धी अन्य कुराहरु बुझ्न परेमा यस कार्यालयमा (मो.नं. ९८५७८३६०२२)सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अमरवहादुर वली
प्रमुख प्रशासकीय अधिकृत